# प्रबन्धरथी विभाग (खाद्य र परिवहन),
## जंगी अड्डा
## पुन: सिलबन्दी बोलपत्र आव्हानको सुचना नं.४
**सुचना प्रकाशित मिति २०६८/०९/२० गते ।**

यस विभागको मिति २०६८/०६/१२ गतेको गोरखापत्रमा प्रकाशित बोलपत्र आव्हानको सूचना र सोही पत्रिकामा मिति २०६८/०६/१४ गते प्रकाशित संशोधित सूचना अनुसार आ.व.०६८/६९ को लागि तपसिलमा उल्लेखित युनिटहरु मध्ये कुनै युनिटमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को (२) (ग) र दफा २४ को (घ) अनुसार बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमको किसिमको बोलपत्र जमानत पेश नगरेको र कुनै युनिटमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५७, ५८ (२) र नियम ५९ को (२) र (३) बमोजिम प्रकृयागत कारवाही त्रुटीपूर्ण भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ३ (१) र (२) तथा यस विभागको मिति २०६८/०६/१२ गतेको सूचनाको दफा १ (च) (८) मा उल्लेख भएको प्रावधान अनुसार उल्लेखित सबै युनिटहरुमा दर्ता भएका बोलपत्रहरु रद्द गरिएको हुंदा उक्त युनिटहरुको लागि ठेक्का स्वीकृत भई खरिद सम्झौता भएपछि सो सम्झौतामा उल्लेखित मितिदेखि २०६९ साल पौष मसान्ततकको निमित्त आवश्यक पर्ने राशन/दानाघांस आपूर्तिको लागि प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली तथा यस विभागको उपरोक्त मितिमा प्रकाशित सूचना एवं यसै सम्बन्धी बोलपत्र फाराममा उल्लेखित सम्पूर्ण शर्तहरुको अधिनमा रही ठेक्का लिन ईच्छुक व्यक्ति/फर्म/संस्था वा कम्पनीहरुबाट उक्त युनिटहरुद्वारा बोलपत्र फाराममा तोकिएको दस्तुर तिरी यस विभागको उपरोक्त मितिमा प्रकाशित सूचना अनुसार बिक्रि गर्न तोकिएको निकायहरुबाट यो सूचना प्रकाशित भएको मितिबाट ३० औं दिन अर्थात् २०६८/१०/१९ गते (विदाको दिन बाहेक) को कार्यालय समयसम्म बोलपत्र फाराम खरिद गर्न र खरिद गरिएका बोलपत्र फारामहरु ३१ औं दिन अर्थात् मिति २०६८/१०/२० गतेको १२०० बजेसम्म वा सो भन्दा अगावै विदाको दिन बाहेक कार्यालय खुलेको जुनसुकै दिन सम्बन्धित ठेक्का बन्दोबस्त गर्ने युनिटमा दर्ता गर्ने र दर्ता भएका सबै बोलपत्रहरु सोही मितिको १३०० बजे सम्बन्धित ठेक्का बन्दोबस्त गर्ने युनिटमा खोल्ने गरि पुन: सिलबन्दी बोलपत्र आव्हानको यो सूचना प्रकाशित गरिएको छ । बोलपत्रदाताहरुलाई बोलपत्र सम्बन्धि कागजाद, स्पेसिफिकेशन वा अन्य यस्तै कुरा सम्बन्धि जानकारी गराउन मिति २०६८/१०/०८ गतेको ११३० बजे ठेक्का बन्दोबस्त गर्न तोकिएका युनिटहरुमा बोलपत्र पेश गर्नु पूर्वको वैठकको आयोजना गर्न मिलाईने हुंदा सम्पूर्ण बोलपत्रदातालाई उक्त बैठकमा उपस्थित हुन समेत जानकारी गराईन्छ । यो सूचना नेपाली सेनाको Website **www.nepalarmy.mil.np** मा समेत हेर्न सकिने छ । साथै पुन: ठेक्का बन्दोबस्त हुने तथा यस सूचनाको सम्बन्धमा थप कुराहरु बुझ्नु परेमा सम्पर्क गर्ने युनिट, स्थान र फोन नं. तपसिलमा उल्लेख गरिएको छ ।

**तपसिल**

श्री सैनिक उच्च शिखर शिक्षालय, मुस्ताङ्गको फोन नं. ०६९-४४०१५५,
श्री भगवतीदल गण, सल्यानको फोन नं.०८८-५२९०९१,
श्री रामवाण गुल्म, मनाङ्गको फोन नं.०६६-४४०२२२,
श्री कालीदत्त गुल्म, गुल्मीको फोन नं.०७९-५२०२००,
श्री श्रीबक्स गुल्मको ताप्लेजुङ्गको फोन नं.०२४-४६०२५५ र
श्री संग्राम शार्दुल गुल्म कालिकोटको फोन नं.०८७-४४००७०